- पृष्ठभूमी :-

  जिल्ला विकास समिति, सिन्धुलीको आयोजना तथा मभ्कुवा,सित्तलपाटी,पुरानो झाँगाझोली र दुम्जा गाविसको संयोजनमा स्थानीय निकाय र नागरिकहरुका वीचमा दोहोरो सम्वादमा स्थानीयस्तरमा रहेका समुदायहरुको सकृय सहभागितालाई सुनिश्चित गरि स्थानीय तहमा हुने विकास निर्माण, जिम्मेवारी र सेवा प्रवाहमा गुणस्तरीयता कायम गरि अनुशासित एवम् मर्यादित स्थानीय समाज निर्माण गर्न सार्वजनिक सेवा प्रवाहको कार्यलाई नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधी २०६७ तर्जुमा गरि कार्यन्वयनमा ल्याएको छ ।

- उद्देश्य :- स्थानीय निकाय (जिविस/गाविस) वाट संचालित योजना तथा कार्यक्रमको सफल कार्यान्वयन, प्रवाह गरिने सेवा तथा सुविधाको प्रभावकारी वितरणका सम्वन्धमा सार्वजनिक स्थलमा सेवा प्रदायक संस्था समक्ष सेवाग्राही नागरिकले राखेका प्रश्न तथा जिज्ञाशालाई रचनात्मक सुझावको रुपमा ग्रहण गरि आगामी दिनमा थप सुधार गर्न सार्वजनिक सुनुवाई कार्यक्रमको माध्यमवाट मार्गदर्शनको रुपमा लिनु ।

- सार्वजनिक सुनुवाई कार्यक्रम संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगाना :-

  शिव प्रसाद हुमागाई (स्थानीय विकास अधिकारी, जिविस - सिन्धुली)

  - सार्वजनिक सुनुवाई कार्यक्रममा उठाईएका सवालहरु :-

  ✓ वि.पि राजमार्गको संचालनमा पश्चात वालुवा, गिट्टी र ढुंगाको प्रयोग सम्वन्धमा ।

✓ क्रसर उद्योगले गाविसलाई उपलव्ध गराउनु पर्ने रोयल्टी सम्वन्धमा ।

✓ जिविसको रसिद प्याडमा कम्पनीको कर्मचारीवाट रसिद काट्ने कार्य सम्वन्धमा ।

✓ I.E. Report तयार सम्वन्धमा ।

✓ क्रसर उद्योग स्थापनाको मापदन्ड सम्वन्धमा ।

✓ कच्चा पद्धार्थको उत्खनन् सम्वन्धमा ।

✓ NGO/INGO को भूमिकाको सर्न्दभमा ।

✓ वि.पि राजमार्ग वरिपरीको सार्वजनिक जग्गा अतिक्रमण सम्वन्धमा ।

✓ सा.सु. भत्ता सम्वन्धमा ।

✓ विद्युत सामाग्री सम्वन्धमा

✓ योजना सम्वन्धमा ।

- कार्यक्रम आयोजना स्थल :- झाँगाझोली रातमाटा गाविस स्थित हस्पिटलडाँडा
- कार्यक्रम आयोजना गरिएका मिति र समय :- २०७२ साल कार्तिक २२
- कार्यक्रम संचालन गरिएको समयावधि :- विहान ११:३० देखि दिउँसो ४:०० सम्म

कार्यक्र संचालन विधि :- क) नागरिक प्रतिवेदन कार्ड ख) नागरिक प्रतिवेदन पत्र ग) वर्हिगमन अभिमत घ) सवाल/जवाफ र प्रतिवद्धता

- उठेका प्रश्न/ जिज्ञासा र उत्तर :-

| क्र.सं. | प्रश्नकर्ता/गुनासो गर्ने वा सुझाव दिने व्यक्तिको नाम, थर र ठेगाना | सहभागिको प्रश्न/गुनासो/सुझाव | ज्वाफ दिने व्यक्तिको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | राजन रायमाझी, दुम्जा | वि.पि. राजमार्ग वरिपरि ढुंगा, गिट्टी र वालुवाको अत्यधिक दोहन किन भईरहेको छ ? | शिव प्र. हुमागाई | सो सम्वन्धमा सत्य तथ्य केहो ? अनुगमन कार्यलाई प्रभावका री ढंगवाट अगाडी वढाईने छ । |
| २. | विनोद कोईराला, दुम्जा | एक गाविसले पाउनु पर्ने रोयल्टी रकम अर्को गाविसमा किन विनियोजन गर्ने गरिएको? | शिव प्र. हुमागाइ | भरसक जुन गाविसले रोयल्टी पाउनु पर्ने हो, त्यहि गाविसलाई नै उपलव्ध गराइएको छ । अर्को गाविस पनि यसै जिल्ला अर्न्तगत भएकाले फरक ढंगले वुझ्न नहुने । |
| ३. | गोरख व. खड्का, प्रा.स. सित्तलपाटी | गाविसले हाज्मावाट प्राप्त गर्नुपर्ने पुरै | सुशिल कु. वर्मा | प्राविधिक कारणले ढिला हुन गएकोमा यथासिघ्र |

| | | | | |
|---|---|---|---|---|
| | | रोयल्टी रकम किन उपलव्ध नगरेको ? | | उपलव्ध गराउन सम्वन्धित निकायको ध्यानाकर्षण गराउन पहल भईरहेको । |
| ४. | रमेश नेपाल, दुम्जा | ऋधिकांश क्रसर उद्योग मापदण्ड विपरित संचालन भईरहेकोमा जिविसले यस्ता कार्यलाई कसरी हेरेको छ ? | शिव प्र. हुमागाई | यस सम्वन्धमा मन्त्रिपरिषदमै कुरा उठ्ने गरेको र यस विषयमा जिविसले अनुगमन गरि आवश्यक प्रक्रिया अघि वढाईने छ । |
| ५. | ज्ञान व. वि.क., सित्तलपाटी | जथाभावी ढुंगा, गिट्टी र वालुवा उत्खनन् गरि डिपो गरेकोले स्थानीयस्तरमा वातावरण प्रदुषण हुनुका साथै समस्या समेत पैदा भईरहेकोमा जिविसले यसता कार्यलाई कसरी हेरेको छ ? | सागर कु. ढकाल | जथाभावी निकासी गर्ने कार्यको अनुगमन गर्ने काम भईरहेकोले यस्तो कार्य गरेको पाईएमा आवश्यक कार्वाहीको प्रक्रिया अगि वढाईने छ । |
| ६. | दुतराज पुलामी मगर, दुम्जा | NGO/INGO ले आफ्नो कार्यक्रम संचालन गर्दा जिविसको स्विकृती लिने गरेको छ कि छैन ? साथै, मृत्यु भएकाहरुको नाममा समेत सा.सु. भत्ता निकाशा भईरहेको भन्ने सुन्नमा आएको छ, सत्य/तथ्य केहो ? | सागर कु. ढकाल | NGO/INGO ले आफ्नो कार्यक्रम संचालन गर्दा अनिवार्यरुपमा जिविसको स्विकृती लिएर मात्र कार्यक्रम संचालन गर्नु पर्ने कानुनी व्यवस्था छ र सोही वमोजिम गरेका छन् । साथै, सा.सु. भत्ता निकासीमा दुरुपयोग भएको छैन, यदाकदा भएको पाइएमा आवश्यक कार्वाही गरिने छ । |
| ७. | चन्द्र व. श्रेष्ठ, झा.रा. | वि.पि हाईवे विद्युत प्रशारण लाईनको | शिव प्र. हुमागाई | आवश्यक सामाग्री ल्याउनको लागि विद्युत |

| | | | | |
|---|---|---|---|---|
| | | सन्दभमा के भईरहेको छ ? | | विकास वोर्ड संग सम्झौता भइसकेकोले सो सम्वन्धी कार्य अगाडि वढिसकिएको छ । |
| ८. | विनोद कोईराला, दुम्जा | क्रसर उद्योगले किन I.E. Report वमोजि कार्य गरिरहेको छैन ? | भुपेन्द्रध्वज वस्नेत | I.E. Report अनुसार कार्य नगरेको पाइएमा आवश्यक कानुनी प्रक्रिया अगाडि वढाइने छ । |
| ९. | रमेश नेपाल, दुम्जा | जिविसको रसिद प्याडमा कम्पनीको कर्मचारीवाट रकम लिने कार्य गर्ने गरेको पाईएकोले यस्तो कार्य हुँदा समेत किन जिविस मौन छ ? | शिव प्र. हुमागाई | यस्ता कुरा सत्य होइनन्, यद्धपि वास्तविकता केहो ? आवश्यक अनुसन्धान गरिनेछ । |